# नेपाली दलित समुदायको ऐतिहासिक विकासक्रम र संविधान कार्यान्वयनमा आएको मेरो अनुभूति



माननीय सीताकुमारी नेपाली [*]

एक्काइसौं शताब्दीमा पनि जातीय भेदभाव र समान हक अधिकारको उपभोग गर्न पाएको अवस्था छैन । नेपालमा यसको ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गरी हेर्दा संस्थागत विकास भारतबाट आयातित जातीय विभेद र छुवाछुतसम्बन्धी अभ्यास लिच्छविकालिन समाजमा नेपाली समाजलाई ४ जात १८ वर्णमा विभाजन गरी वर्ण व्यवस्था तथा जाति प्रथालाई उन्नत ढङ्गले विकसित गरेको देखिन्छ ।

वर्ण व्यवस्था अन्तर्गत पिँधमा पारिएको तत्कालिन तथा कथित शुद्र जातिहरूलाई श्रम गर्ने वर्ग तथा जातिको रूपमा जयस्थिति मल्लले भारतबाट पाँच जना ब्राह्मण विद्वानहरू श्रीनाथ भट्ट, महिनाथ भट्ट, रघुनाथ झा, रामनाथ झा र किर्तीनाथ उपाध्यायलाई सल्लाहकारका रूपमा बोलाई वर्णाश्रममा आधारित जातीय प्रथालाई नेपाली समाजमा सामाजिकिकरण गर्दै संस्थाको रूपमा विकसित गरिएको अध्ययनले देखाउँछ । ४ जात १८ वर्णको जातीय विभाजन जयस्थिती मल्लद्वारा जारी गरिएको वर्ण व्यवस्थामा आधारित रहेको मानव न्याय शाष्त्र जस्ता कानूनी दस्तावेजहरूमार्फत नियन्त्रीत र व्यवस्थित गरिएको थियो । मानव न्याय शासन नामक कानूनमा निर्मम, क्रुर तथा अवैज्ञानिक दण्ड सजायसम्बन्धी कानूनी व्यवस्थामा शुद्रले ब्राह्मणलाई गालि गरेमा, मृत्यु दण्ड नै पाउने व्यवस्थाले समेत सजायमा पनि विभेद गरिएको देखिन्छ । उपल्लो जातिको स्त्रीसँग सहवास गरे प्राण दण्ड पाउने देखिका अमानवीय दण्ड सजायहरूको त्यस्तै दलितलाई पानी नचल्ने जातमा राखिएको थियो । तल्लो वर्ग र सेवा गर्ने नियम बनाई यो कालान्तरमा उक्त पेशा व्यवसाय अपहेलित तथा घृणित पेशा व्यवसायमा रूपान्तरित हुँदै गयो ।

वि.सं. १६६३ मा गोरखाका राजा राम शाहले पनि समाज सुधारको नाम दिएर वर्ण व्यवस्थालाई मजवुत पारे । राजा सुरेन्द्रको पालामा जंग बहादुर राणाले वि.सं. १९१० को मुलुकी

[*] सदस्य, कर्णाली प्रदेश सभा

ऐन निर्माण गरी पुनः जातपात छुवाछुत तथा भेदभावजन्य प्रथालाई कानूनीरूपमा वैधता दिँदै सो व्यवस्था २०२० सालसम्म अनवरतरूपमा कायम रह्यो ।

वि.सं. २०२० सालको मुलुकी ऐनले छुवाछुत तथा जातीय भेदभावजन्य कार्यलाई प्रतिवन्धित गर्दै दण्डनीय बनाएको थियो । नेपालको संविधान २०४७ को धारा ११ को समानताको हक अन्तर्गत जातका आधारमा हुने भेदभावलाई वर्जित गर्दै मौलिक हकको रूपमा राखेको भए तापनि थप कानूनी व्यवस्था कार्यन्वयनको अभावमा उक्त हक कागजी हकको रूपमा मात्र सीमित भएको थियो। नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ मा नेपालको इतिहासमा प्रथम पटक छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकलाई मौलिक हकको समेतको प्रावधान गरिएकोमा उक्त व्यवस्था वर्तमान संविधानले पनि निरन्तरता प्रदान गरेको छ । दलितको हक पहिलो पटक संविधानको मौलिक हकको रूपमा स्थापित गरे पनि व्यवहारमा कानूनले वर्जित अन्धविश्वास हट्न सकेको छैन । संविधानको धारा २४ कार्यान्वयन गर्नको लागि जातीय भेदभव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ कार्यान्वयनमा समेत छ तर पनि कार्यन्वयनको सफलता न्यूनता देखिन्छ ।

कानूनीरूपमा जातीय छुवाछुत तथा भेदभाव अन्त्य गर्न विविध प्रयासहरू भए पनि व्यवहारिकरूपमा समाजमा आफै पनि छुवाछुत र भेदभाव अन्त्य हुन सकेको छैन ।

यथार्थमा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसंख्यक तथा भौगोलिक विविधता युक्त विशेषता भएको राष्ट्र हो । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र समामाजिक न्याय सुनिश्चित गर्न, समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको देश हो ।

विगतको दिनमा सामन्ती, निरकुंश केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पिडनको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि पुरा गर्नको लागि सहकारिता, सहअस्तित्व र समन्वयको सिद्दान्तमा आधारित भएर देश अगाडि बढिरहेको छ । विगतमा नेपाली जनताले समाज परिवर्तन र रूपान्तरणको लागि नेपाली जनसमुदायहरूको त्याग, समर्पण र महान जनयुद्धका शहिदको वलिदानको जगमा २०६२/०६३ को जनआन्दोलन गर्दै ऐतिहासिक राजनैतिक परिवर्तन भएको छ। परिवर्तित सन्द्रभमा तीन तहको संरचनाको निर्माण गरी नेपाली जनताको परिवर्तनको चाहनालाई पुरा गर्न लागि परेका छौं ।

संघीयताको कार्यन्वयन गर्ने क्रममा संविधानको कार्यन्वयन भैरहेको छ । संविधानले दिएको अधिकारको प्रयोग गर्न जवाफदेहिपूर्ण ढङ्गबाट कार्यन्वयन गर्ने क्रममा पनि जटिलताहरू छन् । कानून निर्माण गर्दा, बजेट निर्माण गर्दा र विकासकाकार्यक्रम बनाउँदा पनि असहजता र असमझदारीहरू देखा पर्ने गर्दछन् ।

यस परिवेशमा संविधान जारी र संघीयता कार्यन्वयनको चरणमा मेरो उपस्थितिलाई म सौभाग्यशाली भएको ठान्दछु । जनताको हक अधिकारसँगै कर्तव्यलाई पालना गर्नु प्रदेश सभाको सदस्य बन्ने अवसर पनि पायौं गर्व छ । संघीयताको कार्यन्वयनको क्रममा संस्थापक सदस्य हुन

पाएकोमा खुशी छु तर हाम्रा अगाडि अवसर सँगसँगै चुनौतीहरू पनि छन् । समृद्ध नेपाल सुखी नेपाली बनाउने नेपाल सरकारको सोच र दृष्टिकोण छ । सरकारको सोचलाई लागु गर्न र सुखारी कर्णालीवासी समृद्ध कर्णालीको नारासहित अगाडि बढेको छ कर्णाली प्रदेश सरकार ।

कर्णाली प्रदेश मानव विकास सूचकाङ्कमा पछि परेको छ । हामीले पूर्वाधारको मात्र विकास गरेपनी २४ प्रतिशत दलितको वसोवास भएको कर्णाली प्रदेशमा राज्यका समग्र क्षेत्रमा प्रतिनिधित्व नगन्य छ । विपन्नता, अशिक्षा, गरिवी व्यापक छ । मानव विकास सूचकाङ्कका आधारमा सरकारी नीति कार्यक्रम बनाई अगाडि बढ्नु जरुरी रहेको छ । मानवीय चेतनाको विकास नभै भौतिक विकासले मात्र पनि हुदैन भौतिक विकास सँगसँगै मानव विकास सम्बद्ध सरकारका नीति कार्यक्रम बनाई लागु गर्नु पर्छ ।

सदियौँदेखि मानवीय कलङ्कको रूपमा रहेको सामाजिक अपराध जातीय छुवाछुत भेदभावको अन्त्य गर्नु पर्ने अहिलेको अपरिहार्य आवश्यकता हो । त्यसको लागि जातीय छुवाछुत भेदभावयूक्त पालिका घोषणा गर्दै व्यवहारिक कार्यन्वयन गर्दै जानु जरुरी छ । राज्यले महाअभियानको रूपमा यसलाई अगाडि बढाउनु पर्छ जसरी छाउपडी प्रथा अन्त्य गर्नको लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एकरूपता साथ अभियानको थालनि गरेको छ । त्यसरी नै जातीय छुवाछुत अन्त्य गरेने महाअभियान थालनी हुनेछ र सदाको लागि नेपालमा जातीय छुवाछुत र विभेदको अन्त्य हुनेछ ।

अन्त्यमा, नेपालका दलित समुदायको इतिहासको लामो कालखण्ड देखि विभिन्न प्रकारका प्रकृतिका जातीय छुवाछुत, भेदभाव तथा उत्पिडनहरू भोग्दै आएका छन् । कथित दलित बनाइएकाहरू आर्थिक हिसावले अति विपन्न गासवाँस र कपासको अभावको जीवनयापन गर्दै आएका छन् । आत्मसम्मानसहित बाँच्न पाएका छैनन् तर नेपालमा भएका सबै राजनैतिक परिवर्तनका आन्दोलनमा दलित समुदायको महत्वपूर्ण भूमिका रहेको छ । आन्दोलन पश्चात् महत्वपूर्ण राजनैतिक परिवर्तनहरू भए पनि विभेदपूर्ण नेपाली समाजको प्रतिविम्वहरू ज्यूँको त्यूँ छन् । विभेदको प्रकार र प्रवृत्ति जोडिएको छ तर दलित समुदायमाथि गरिने विभेदजन्य व्यवहार सारभूतरूपमा परिवर्तन भएको छैन । दलित समुदायको अधिकार प्राप्त गर्ने कार्यमा एकताबद्ध होऔँ र दलित आन्दोलन वैचारिक भावनात्मकरूपमा एकतावद्ध भई वर्गीय मुक्ति आन्दोलनसँग, जोडेर जातीय मुक्ति आन्दोलन गरौँ । दलित समुदायको लागि एकतावद्ध होऔँ नफुटौँ, जुटौँ यसैमा दलित समुदायको भविष्य छ । राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक धार्मिक विभेदको विरुद्ध कानूनीरूपमा संवैधानिक अधिकारको प्रयोग गरौँ र आर्थिक समृद्धिको खाका कोर्दै एक पटक ऐतिहासिक, वैज्ञानिक, श्रमिक वर्गको लागत केन्द्रित गरौँ र व्राह्मणवादी, सामन्ती सोच र चिन्तनका विरुद्ध वर्णाश्रम व्यवस्थाका विरुद्ध एक ढिक्का भई आत्मसम्मानसहित मानवताको जीवन विताउन आ-आफ्नो ठाउँबाट जुटेर अभियानमा सामेल हुन जरुरी छ।

धन्यवाद ।